हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : २१७ पृष्ठ : ४ २०७७ फाल्गुन २५ गते मंगलबार (Tuesday 09 March 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost



मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।


अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# सिरहामा विभिन्न कार्यक्रम आयोजना गरी मनाइयो

लहान । 'महिलाको सुरक्षा, सम्मान र रोजगार, समृद्ध नेपालको आधार' भन्ने मूल नाराका साथ सिरहाका विभिन्न स्थानमा १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ ।









लहान नगरपालिका बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, ओरेक नेपाल, दलित जन कल्याण युवा क्लब, समग्र जन उत्थान केन्द्र, मुक्ति नेपाल, इन्सेक लगायत संस्थाको संयुक्त आयोजनामा महिलाको सुरक्षा सम्मान र रोजगार समृद्ध नेपालको आधार विषयमा अन्तरक्रिया गरिएको छ ।

लहानको पशुपति माविको प्राङ्गणबाट आरम्भ भएको र्‍याली सहिदचौक परिक्रमा गरी लहान नगरपालिकाको सभाहलमा गई अन्तरक्रिया कार्यक्रम गरिएको थियो । लहान नगरपालिकाको उपप्रमुख सरियार कुमारी चौधरीको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा पुर्व संविधान सभा सदस्य रामरति रामले प्रमुख आतिथ्यता गरेकी थिइन । कार्यक्रममा हिंसा प्रभावित भई न्यायिक समितिबाट न्यायको अनुभुति पाउन सफल महिला, घर

बाँकी ३ पेजमा


## नेपाल निर्माण व्यवसायी संघ

जिल्ला समिति, लहान (सिरहा)

फोन नं. ०३३-५६०६७५

E-mail : contractorsassociationlahan@gmail.com

### ११ औ साधारण सभा सम्बन्धी सूचना

मिति : २०७७।११।२४ गते

यस संघको ११ औं साधारण सभा र २५ बर्ष पुरा गरेको उपलक्ष्यमा मनाउन गइरहेको रजत जयन्ती मिति २०७७।१२।२५ गते बुधवारका दिन लहानमा हुन गइरहेको सबै सदस्यहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोट : साधारण सभामा भाग लिन सबै सदस्यहरुले चालु आ. व. सम्मको सदस्यता नविकरण गरेको हुनुपर्ने वा २०७७।१२।२२ गते भित्र नविकरण गरि सक्नु पर्नेछ ।

रास लाल राय

अध्यक्ष

नेपाल निर्माण व्यवसायी संघ

जिल्ला समिति लहान, सिरहा

परिवार ।


# 'समाजले महिलाप्रतिको दृष्टिकोण बदल्न जरुरी छ' : मेयर यादव

■ बिनय यादव

मिर्चैया । मिर्चैया नगरपालिकाका नगरप्रमुख श्रवण कुमार यादवले समाजले महिलाप्रतिको दृष्टिकोण बदल्न जरूरी रहेको बताएका छन् ।



१११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मिर्चैया नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आजोजनामा सोमबार भएको कार्यक्रमलाई सम्बोधन गर्दै मेयर यादवले यस्तो

बाँकी ३ पेजमा


## घर भाडामा चाहिएमा




लहान नगरको महेन्द्र राजमार्गको ३ नं रोडमा सोनालिका ट्र्याक्टरको १० वर्षसम्म शोरुम रहेको करिब तीन कठ्ठा कम्पाउण्ड वाल सहितको घर भाडाका लागि खाली छ । ट्र्याक्टर, कार-जिप, मोटरसाइकल शोरुम-वर्कशप, बैंक-बित्तीय संस्था, होटल, डिपार्टमेन्टल स्टोर आदिका लागि अत्यन्त उपयुक्त घर-कम्पाण्ड आवश्यक पर्ने व्यक्ति, फर्म, वा संघ-संस्थाले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. र ठेगाना

मो.नं. ९८१६७६८९५०, ९८५२८३०९५०

कुशवाहा चौक, लहान-३ नं. रोड

सोनालिका ट्र्याक्टर रहेको घर




Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229




## फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. वृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

# ‘महिलाबाट दाइजो होइन्, शैक्षिक प्रमाणपत्र लिने वातावरण बन्नुपर्छ’

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई भोग विलास र रमाइलो गर्ने पर्वको रूपमा होइन, समानता र अधिकार प्राप्तिका निम्ति महिलाहरूलाई उर्जा प्रदान गर्ने दिनको रूपमा स्मरण गर्नुपर्छ । संघर्षको रूपमा मनाउँनुपर्छ । नर-नारी दुबै सृष्टिका सुन्दर रचना हुन् । तर पनि यी दुईका निमित समाजले बेग्ला-बेग्लै नियम बनाइ दिएको छ । ती मध्ये कतिपय प्रचलनमा रहेका नियम व्यवहारमा अनुचित र नजायज हुँदाहुँदै पनी हामीले पर्याप्त चूनौति दिन सकिरहेका छैनौं ।



सबिता यादव

**महिला-पुरूष समानताको अधिकार शब्दमा नभएर व्यवहारमा पनि देखिनुपर्छ ।**

सामाजिक मूल्य मान्यता र आफ्नै घर-परिवार, आफन्तको व्यवहारले पनि समय-समयमा पटक-पटक छोरी चेली महिलाहरू शोषित, तिरस्कृत, अपहेलित र बली चढदै आइरहेकी छन् । महिला पुरूषको समानताको अधिकार शब्दमा भनिएझैं व्यवहारमा पनि देख्नुपर्छ । तर व्यवहारमा अहिले पनि समाज र परिवारको नियम महिला पुरूषका लागि वेग्ला बेग्लै नै छ । यसका सुरूवात सबभन्दा पहिला आफ्नै घर-परिवार र अभिभावकबाट गर्नुपर्दछ ।

अभिभावकले छोरा भैं छोरीलाई पनि उच्च शिक्षा प्राप्त गर्ने वतावरण आफ्नो हैसियत अनुसार बनाउनु पर्दछ । कतिपय ठाँउमा परिवारको हैसियत हुँदाहुँदै पनि छोरीहरू विद्यालय जानबाट बञ्चित नै रहन्छ । हाम्रो समाजमा महिलाले दाइजो ल्याएन भने सास्ती खेप्नु पर्छ, यातना खेप्नुपर्छ । जल्नुपर्छ । यदि पुरूषले दाइजोको ठाउँमा महिलाको शैक्षिक प्रमाणपत्र माग्न थाल्छन् भने अवश्य नै अभिभावकहरूले पनि छोरीलाई उच्च शिक्षा दिलाउन प्रयास गर्नेछ । आजको आवश्यकता पनि यही हो ।महिलाहरूप्रति गर्ने दुर्व्यवहार, अत्याचार, हिंसा, चरित्रहनन, शोषण, दमनलाई अन्त्य गर्न सबैले नारी समानतालाई घर-टोल परिवारवाटै थाल्नी गर्नु पर्दछ । अन्तमा महिलाहरूलाई पनि यहि भन्न चाहन्छु की कुनै प्रकारले आपूमाथी हुने अन्याय अत्याचारलाई सहनुको साटो त्यसको प्रतिकार गर्न सक्ने क्षमता आफैले आफूमा वृद्धि गर्नु पर्दछ । त्यसका लागि शिक्षा र जागरूकताको खाँचों छ ।

नारी दिवसको सबैमा हार्दिक शुभकामना ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

**नारी दिवस**

# पितृसत्ताविरुद्ध पुरुष पनि लड्नुपर्छ

पितृसत्ताको खास अर्थ पुरूषतन्त्र हो । अर्थात्, पुरूषको सत्ता । यही सामाजिक सत्ता हाम्रो समाजमा व्याप्त छ । हामी पितृसत्तात्मक चिन्तनले ग्रसित भएको समाजमा छौं र हाम्रा व्यवहार पनि पितृसत्ताले निर्देशित गरेबमोजिमकै छन् ।

पितृसत्ताका दुई पक्ष छन् । एक संरचनात्मक पक्ष, जसलाई देख्न सकिन्छ र अर्को विचारधारा जसलाई देख्न सकिँदैन तर फैलिरहेको हुन्छ प्रभाव पारिरहेको हुन्छ । संरचनाका कुरा गरौं । हामी देख्न सक्छौं पुरूषको अवस्था र महिलाको अवस्थाबीच फरक । घरको मालिक को छ ? परिवारको नाम थर कोबाट राखिन्छ ? सम्पत्तिको मालिक कसलाई मानिन्छ आदि-आदि ।

संरचना हेर्दा घरको मालिक पुरूष हुन्छन्, परिवारको नाम पुरूषकै नामबाट राखिन्छ फलानोको छोराछोरी, फलानोको श्रीमती, फलानोको नातिनातिनी अर्थात् त्यो ‘फलानो’ भनेको पुरूष हो । थर पनि पुरूषकै थरअनुसार राखिन्छ । बाबुबाजेको थर अनुसार छोराछोरीको थर राखिन्छ । आमाको थरअनुसार राखिँदैन, सम्पत्तिको मालिक/हकदार पुरूष नै हुन्छन् । छोरालाई सम्पत्तिको हकदार मानिन्छ, छोरीलाई मानिँदैन ।

यसरी पितृसत्ताको संरचनामा पुरूष नै मालिक हुन्छन् र यो संरचना परिवर्तन गर्नुपर्छ, महिला र पुरूषलाई बराबर हैसियतमा राख्ने संरचना हामीले निर्माण गर्न सक्नुपर्छ । अर्को विचारधारा छ, यो देख्न सकिँदैन तर फैलिरहेको हुन्छ । पितृसत्ताको विचारधाराले पुरूषहरूलाई उत्तम मान्छ र महिलालाई दोस्रो दर्जामा राख्छ । पुरूष उत्तम हुन्छन्, महिलाचाहिँ पुरूषभन्दा निम्न, कमजोर हुन्छन् भन्ने मान्यता पितृसत्ताको विचारधाराले राख्छ । जस्तै : गीत सुन्नुहोस्, म्युजिक भिडियो हेर्नुहोस्,चलचित्र हेर्नुहोस् ! महिलालाई कसरी प्रस्तुत गरिएको छ, पुरूषलाई कसरी प्रस्तुत गरिएको हुन्छ ?

सबै त नभनौं, प्रायःजसो चलचित्रमा महिलालाई कमजोर तथा निरीह पात्रको रूपमा उभ्याइएको हुन्छ । चलचित्रका दृश्यमा महिलामाथि हमला हुँदा कि त रोएर आत्मसमर्पण गरेको, कि त भागेको अथवा पुरूष आएर बचाएको दृश्य देखाइन्छ । एकदमै दयाको पात्रको रूपमा उभ्याइएको हुन्छ । महिलालाई किन यसो गरिन्छ ? आफूमाथि हमला हुँदा महिलाले प्रतिकार गरेको वा प्रतिकार गर्न खोजेको मात्र पनि किन देखाइँदैन ?

**हामीले पितृसत्ताको सट्टा मातृसत्ता खोजेको होइन । पितृसत्ताको विकल्प समानता हुन्छ । हामीले समानता खोजेका हौं**

केही महिनाअघि प्रकाश सपुतको सर्वाधिक रूचाइएको गीत 'बदला बरिलै', जसमा एउटी किशोरीमाथि बलात्कार भएको देखाइएको थियो तर किशोरीमाथि हिंसा हुनैलाग्दा उसले प्रतिकार गरेको, भाग्न खोजेको वा प्रतिरक्षामा उत्रिएको दृश्य देखाइएन । नजिक जे वस्तु छ, त्यसैले प्रतिकार गरेको वा प्रतिकार गर्न खोजेको, हिंसा नसहेको दृश्य देखाउन सकिन्थ्यो । तर, देखाइएन, उल्टै डराएर आत्मसमर्पण गरेको दृश्य देखाइयो । यस्तो किन देखाइयो ?

किनभने पितृसत्ताको विचारधाराले हाम्रो मानसिकताम यस्तो नकारात्मक छाप बसाइसकेको छ कि पुरूष बलिया हुन्छन्, जे पनि गर्न सक्छन्, त्यसैले हिंसा गर्छन्, तर महिला कमजोर हुन्छन् र प्रतिकार गर्न डराउँछन् अनि हिंसा सहन्छन् । पितृसत्ताको विचारधाराले स्थापित गराइदिएको यस्तो मानसिकताका कारण नै गीत, म्युजिक भिडियो र चलचित्रमा महिलालाई कमजोर देखाइन्छ । यस्ता गीत, चलचित्र हेरेपछि भर्खरका किशोरकिशोरीमा कस्तो मानसिकता बन्ला ?

महिला त कमजोर हुने रहेछन्, पुरूषले चाहे भने जे पनि गर्न सक्ने रहेछन् भन्ने मानसिकता युवा तथा किशोरहरूमा पर्न सक्छ । जसले गर्दा उनीहरूलाई हिंसात्मक बन्न अझ प्रेरित गरिरहेको हुन्छ । नाटक (चलचित्र) समाजको ऐना हो भनिन्छ अर्थात् समाजमा हुने गरेका घटना परिघटनालाई नै चलचित्रमा देखाइन्छ र चलचित्रले समाजमा सकारात्मक र नकारात्मक दुवै खालको छाप बसाउन सक्छ ।

यदि हाम्रा चलचित्रमा महिलालाई सशक्त रूपमा प्रस्तुत गरिने हो भने, महिलाले हिंसा सहँदैनन् भन्ने शिक्षा प्रदान गर्ने खालको प्रस्तुति दिइने हो भने समाजमा केही त सकारात्मक सन्देश पुग्ने थियो तर त्यस्तो कमै मात्रामा भएको छ । पितृसत्तात्मक विचारधारा हाम्रो मनमस्तिस्कमा यसरी बसेको छ कि त्योभन्दा बाहेक हामी अरू केही सोच्दै सोच्दैनौं, पितृसत्ताको विकल्प हुन्छ है भन्नेमा हामी पुगेकै छैनौं ।



चण्डिका तिमिल्सिना

**पितृसत्ताकै कित्तामा महिला पनि !**

जातीय, वर्गीय विभेदजस्तै महिलामाथिका विभेद पनि क्रूर र अमानवीय छन् । आमाको गर्भदेखि नै छोरीहरु विभेदमा छन् । छोरा पाउने रहरमा गर्भमा छोरी भएको थाहा पाए छोरीको भ्रूणहत्या गर्ने क्रम पनि बढ्दो छ । पहिलेपहिले छोराको रहरमा धेरै छोरी जन्माउँथे । छोरा नजन्मिएसम्म छोरी जन्माइरहन्थे तर अहिले प्रविधिको विकाससँगै छोरीहरूको जन्मिने अधिकार पनि खोसिँदै छ ।

छोरीहरु गर्भमै हिंसामा परेका छन् । तर, दुःखका साथ भन्नुपर्छ– पितृसत्ता पुरूषले मात्र होइन, महिलाले पनि पूर्ण रूपमा मानेका छन् । छोरा र छोरीबीच विभेद पुरूषले मात्र होइन, महिलाले पनि गरेका छन् तर त्यसो गर्नुमा महिलाका बाध्यता छन् । पितृसत्ताले छोरा खोज्छ, छोरालाई सर्वोपरि मान्छ र पितृसत्तात्मक समाजमा महिलाले पितृसत्ताको विरूद्धमा गएर छोरी पनि छोराजस्तै हुन्, अझ दयालु हुन्छन्, छोरा पाउने आसमा म गर्भमा छोरीलाई मार्न सक्दिनँ, मेरो कोखप्रति मेरो अधिकार हुन्छ, मेरो शरीरको अधिकार मेरो हो भनेर महिलाले भन्न सकेका छैनन् । किनकि पितृसत्ताले उनीहरूका गला अवरूद्ध गराएको छ । दुर्भाग्यवश पुरूषले भन्दा बढी महिलाले नै पितृसत्तालाई मान्छन्, किनकि सन्तानलाई पितृसत्ता सिकाउने जिम्मा महिलामाथि थोपरिएको छ । छोरालाई भावनात्मक रूपमा बलियो हुनुपर्छ, कठोर र आक्रामक हुनुपर्छ भनेर सिकाउने जिम्मा परिवारकै हुन्छ । छोरीलाई कसैको कुनै कुरामा प्रतिवाद नगर, कुनै पुरूषले जिस्काए तिमी चुप लागेर हिंड, प्रतिवाद नगर, किनकि तिमी छोरी हौ, सहनुपर्छ, लोग्नेमान्छे त त्यस्तै त हो नि भनेर लोग्नेमान्छेलाई हिंसात्मक बन्न र महिलालाई हिंसा सहन पितृसत्ताले सिकाएको हुन्छ । तिमी त छोरी मान्छे, यो घरको इज्जत, यस्तो पहिरन लगाऊ, यस्तो नलगाऊ, यस्तो पहिरन लगाए पुरूषहरूको मन बिग्रिन्छ, उनीहरु आफ्नो भावनालाई सम्हाल्न सक्दैनन्, त्यसैले तिमीले यस्ता पहिरन लगाऊ भनेर महिलाको पहिरनको स्वतन्त्रतासमेत खोस्न खोजिन्छ ।

घरबाहिर निस्कँदा जोखिम हुन्छ, एक्लै घरबाहिर नजाऊ । जागिर खान टाढा नजाऊ, बरू जागिरै नखाऊ, घरमै थुनिएर बस भनेर पितृसत्ताले सिकाउँछ । तर, घरभित्रै छोरीहरु असुरक्षित भएको आफ्नै बाबु, दाजु, काकाबाट छोरीहरूमाथि हिंसा भएको कुरा पितृसत्ताले ख्याल गर्दैन र अर्कोतिर महिलाको यौनिकतामाथि पितृसत्ताको नियन्त्रण एकदमै कठोर र भयावह छ ।

महिलाको यौनाङ्गमा उसको इज्जत बसेको हुन्छ भन्ने जुन मानसिकता छ, त्यो एकदमै गलत छ । महिलाको यौनाङ्गलाई इज्जतसँग जोडेर हेर्ने मानसिकताका कारण कति छोरीहरु मृत्युको मुखमा पुगेका छन्, त्यो कुरा हाम्रो समाजले कल्पना गरेकै छैन । त्यस्ता कतिपय यौनहिंसाका घटना सुनिन्छ, जसमा पुरूषले महिलासँग बदला लिनकै लागि बलात्कार गरेको भन्ने सुनिन्छ ।

बदला लिन किन बलात्कार गरेको होला, अन्याय भएको भए उजुरी गर्न सक्थ्यो होला । अन्य तरिकाले सजाय

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । सामाजिक कार्यमा मन जानेछ ।

**वृष** :- आज महत्त्वपूर्ण अवसर गुम्न सक्छ । सौन्दर्यतामा र साँझमा अधिक पैसा खर्च हुने योगछ, आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

**मिथुन**:- चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

**कर्कट** :- आज आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समयछ ।

**सिंह**:- आज शुभ समाचार सुन्न पाइएला । प्यारोसाथी संग भेट हुनेछ । नयाँ कार्यको थालनी होला । राजनीतिक कार्यमा पनि सफलता मिल्नेछ ।

**कन्या** :- नयाँ कार्यको थालनी हुनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । महिला वा मित्रबाट सहयोग मिल्नेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ ।

**तुला** :- मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिक** :-इच्छा र आका[illegible]षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । दिनको उत्तरार्धमा केहि धनखर्च बढ्नेछ ।

**धनु** :- आज प्रतिष्ठित काम सुरू गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । प्रतिस्पर्धी परास्त होलान् ।

**मकर**:- अरूको भर पर्दा धोका पाइनेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । साना तिना समस्यामा अल्झिनुपर्ने हुन्छ । धनमाल राउन सक्छ ।

**कुम्भ**:- आकस्मिक धन लाभ हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । मान प्रतिष्ठामा बृद्धि होला । मनोरञ्जनमा सहभागीता भइएला ।

**मिन** :- आज आँटेको र ताकेकोकार्य पुरा होला । कूटनीतिक नियोगको सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । प्रेम सम्बन्ध पनि ठिकै हुनेछ ।

# महिला दिवसमा जसपा नेतृ यादवद्वारा महिलालाई कम्बल र स्यानेटरी प्याड वितरण

■ बिनय यादव



**सिरहा ।** अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा जसपा नेतृ रेणु यादवले महिलाहरूलाई कम्बल र स्यानेटरी प्याड वितरण गरेकी छन् ।

जनता समाजवादी पार्टीका प्रदेश २ को कोषाध्यक्षसमेत रहेकी नेतृ यादवले कर्जन्हा नगरपालिका-११ स्थित आफ्नै निवास हटलेटबामा एक कार्यक्रम आयोजना गरी महिलाहरूलाई कम्बल र स्यानेटरी प्याड प्रदान गरेकी हुन् । कर्जन्हाका ११ वटै वडाबाट कार्यक्रममा सहभागी जम्मा १ सय ११ जना महिलाहरूलाई १-१ थान कम्बल र १-१ थान स्यानेटरी प्याड वितरण गरिएको नेतृ यादवले जानकारी दिइन् । सो क्रममा उनले महिलाहरूलाई अविर लगाएर सम्मानसमेत गरिन् । कार्यक्रमलाई सम्बोधन गर्दै उनले महिलाहरू स्वयं सक्रिय भए मात्र महिलाहरूमाथिको दमन अन्त्य हुने बताइन् । उनले छोरा र छोरीमा कुनै पनि भेदभाव नगरी समान रूपले पालन पोषण, शिक्षा र संस्कार प्रदान गर्न सबैलाई आग्रह पनि गरिन् ।

महिलाहरूलाई सानै उमेरमा विवाह गर्नाले उनीहरू उच्च शिक्षा हाशिल गर्नबाट बञ्चित भई गृहस्थी जीवन यापन गर्न मजबुर हुनुपरेको भन्दै बालबिवाह अन्त्य गर्नुपर्नेमा उनको जोड थियो । छोरी सरह बुहारीलाई पनि माया गर्नुपर्ने र छोरीलाई पनि सासुलाई सम्मान गर्ने संस्कार दिए मात्र सभ्य समाजको निर्माण हुने उनको धारणा छ ।

दाइजो प्रथालाई जरैदेखि अन्त्य गर्न पनि सबैले आ-आफ्नो ठाँउबाट इमानदारितापूर्वक कदम उठाए एक असल, सभ्य, शान्त र विसकसित समाजको परिकल्पना पूरा हुने उनले बताइन् । नेतृ यादवले महिलाहरूका लागि प्रदेश स्तरीय छात्रावास सहितको विश्वविद्यालय सिरहा जिल्लामा स्थापनाका लागि आफूले विशेष पहल गरिरहेको पनि जनाइन् ।

कार्यक्रममा नेतृ यादवसहित कर्जन्हाका जसपाका नगरध्यक्ष केशव प्रसाद साह, कर्जन्हा ४ का वडाध्यक्ष टेक बहादुर सिंगर, युवानेता प्रेम किशोर साह, प्रकाश श्रेष्ठ, जित नारायण यादव, शम्भु ब्यार, कलाकार लाल किशोर यादवसहित नगरका बुद्धिजिवी, समाजसेवीहरूको समेत उपस्थिति रहेको थियो ।

## सिरहामा ...

निर्माण कार्यमा कार्यक्रममा राजमिस्त्रीको रूपमा काम गर्ने सफल महिला, घरमा पेन्ट गरी काम गर्ने सफल महिला, जिविकोपार्जन गरी पारिवारिक जिम्मेवारी पूरा गर्न सफल एकल महिला, दृष्टिविहिन भए पनि स्नातक तह उतीर्ण गरी घरको जिम्मबारी सम्हाल्दै गरेकी महिला, अरूको घरमा गएर काम गर्ने घरेलु कामदार सफल महिला, जातीय छुवाछूतबाट प्रभावित महिला गरी १० जना संघर्षशील व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

**यसैगरी,** विष्णुपुर गाउँपालिकाको आयोजनामा भएको 'महिलाको सुरक्षा, सम्मान र रोजगार, समृद्ध नेपालको आधार' विषयको अन्तरक्रिया कार्यक्रममा ओरेक नेपाल, इन्सेक, महिला हिंसा निगरानी सञ्जाल र मानव अधिकार संरक्षण केन्द्र संजालले समन्वय गरेको थियो । विष्णुपुर गाउँपालिकाको उपाध्यक्ष अरहुलादेवी सिंहको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा विष्णुपुर गाउँपालिकाका अध्यक्ष जागेश्वर यादव प्रमुख अतिथि थिए ।

त्यस्तै विशिष्ट अतिथि जिल्ला समन्वय समिति सिरहाको उप सभापति सरोज यादव रहेको कार्यक्रममा वडाध्यक्ष गोपिन्द्र यादव, राजकुमार यादव लगायतका अतिथिहरू सहभागी थिए । कार्यक्रममा ईन्सेक प्रतिनिधि तथा मानव अधिकार संरक्षक केन्द्र सिरहाको संयोजक दुर्गा परियारले कार्यक्रम संचालन गरेका थिए भने अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रमको उद्धेश्यबारे ओरेकको कार्यक्रम अधिकृत देवकुमारी महराले प्रकाश पारेकी थिइन् ।

## समाजले ...

बताएका हुन् ।

समाजमा महिलालाई हेर्ने दृष्टिकोण अझैसम्म परिवर्तन नभएको उनले बताए । महिलाको सम्मान बिना समुन्नत र समृद्ध समाजको परिकल्पना पूरा हुन नसक्ने भन्दै समाजले यसप्रति चिन्तन गर्न आवश्यक रहेको उनले औल्याए । पुरूष र महिला एकअर्काको परिपूरक भएको र नारीकै कारण सृष्टि पनि चलेको बताउँदै उनले समाजले यो कुरा अझसम्म अत्मसात गर्न नसकेकोप्रति दुःख व्यक्त गरे । समाजको यही गलत दृष्टिकोणका कारण प्रतिभावान महिलाहरू पनि खुलेर अगाडि आउन नसकिरहेको उनको जिकिर थियो ।

महिलाको विकास विना नगरको सर्वांगिण विकास हुन नसक्ने भन्दै उनले महिला उत्थानको विषय आफूले उच्च प्राथमिकमा राखेको पनि बताए ।

यस्तै, सम्बोधनका क्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरध्वज आङ्देम्बेले महिलाको उत्थानका लागि सरकारी निकायले विभिन्न किसिमका कार्यक्रम सञ्चालन गरेपनि यसको भोक महिलाहरूमा जाग्नुपर्ने औल्याए । उनले महिलाहरु अगाडी आए नगरपालिकाले हरेक प्रकारको सहयोग गर्न तत्पर रहेको पनि प्रतिबद्धता जनाए ।

यसैक्रममा 'महिलाको सुरक्षा, सम्मान र रोजगार समृद्ध नेपालको आधार' भन्ने मूल नाराका साथ मिर्चैयामा प्रभतफेरी पनि गरिएको छ । नगरपालिकाको कार्यालय परिसरबाट निकालिएको प्रभातफेरी कटारी चोक हुँदै नगरको विभिन्न भागको परिक्रमा गरी नगरपालिकाको परिसरमा कोण सभामा परिणत भएको थियो ।

कार्यक्रममा नगरप्रमुख श्रवण कुमार यादव, उपप्रमुख जिबछी देवि साह, प्रमुख प्रशासकीय अधिकृत डम्बरध्वज आङ्देम्बे, जनप्रतिनिधि, कर्मचारी, विभिन्न विद्यालयका शिक्षक, शिक्षिका तथा विधार्थीहरूसहित नागरिक समाजसमेतको सहभागीता रहेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी सानु यादवले जानकारी दिइन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८ ९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

### मदिरा नियन्त्रणमा मिर्चैया प्रहरीको सक्रियता :

# झण्डै साढे २५ सय लिटर अवैध मदिरा नष्ट

■ बिनय यादव

सिरहा । मिर्चैया प्रहरीले ठूलो परिमाणको अवैध घरेलु मदिरा नष्ट गरेको छ । इलाका प्रहरी कार्यालय मिर्चैयाले सोमबार मिर्चैया नगरपालिका–७ मुलाबारी गाउँबाट साढे २५ सय अवैध घरेलु मदिरा नियन्त्रणमा लिई नष्ट गरेको हो ।

मदिरा बिक्री वितरणका लागि सञ्चालित भट्टीमा छापा मारी सो परिमाणको मदिरा बरामद गरी नष्ट गरिएको छ । इप्रका मिर्चैयाबाट प्रहरी निरीक्षक रामकुमार महतोको कमाण्डमा खटेको प्रहरी टोलीले बरामद गरेको कच्चा पदार्थ २५ सय लिटर सोही स्थानमा नष्ट गरिएको र तयारी ५० लिटर मदिरा कार्यालयमा ल्याई नष्ट गरिएको प्रहरीले जनाएको छ ।



यससँगै प्रहरीले भट्टीबाट साना र ठूला गरी २० थान भाडाकुडा पनि नियन्त्रणमा लिएको छ । त्यसक्षेत्रमा व्यापकरूपमा अवैध मदिरा उत्पादन र ओसारपसार भइरहेका सूचनाका आधारमा निगरानी बढाएको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले बताए । मदिराकै कारण समाजमा विभिन्न किसिमका अपराधिक घटना निम्त्याउने गरेको भन्दै मदिरा नियन्त्रण अभियानलाई आफूले निरन्तर राख्ने पनि उनले जनाए ।

## पितृसत्ताविरुद्ध ...

दिन सक्थ्यो होला । एउटा पुरूषले रिस उठेको महिलासँग बदला लिन बलात्कार नै किन गर्छ होला ? किनभने बलात्कार हुनु भनेको महिलाको इज्जत लुटिनु हो, इज्जत जानु हो । महिलाको योनीमा नै इज्जत रहेको हुन्छ । त्यो लुटिएपछि महिलाको जीवन सकिन्छ भनेर पितृसत्ताले सिकाएको छ र पितृसत्ताले सिकाएको कुरा समाजले भनिरहेको छ ।

महिलाको सारा इज्जत उसको योनीमा हुन्छ भनेर सिकाएको समाजमा हुर्किएको पुरूषले कुनै महिलासँग रिस उठ्यो भने बदला लिन बलात्कारजस्तो घृणित कार्य गर्छ । उसको इज्जत पनि जान्छ, आफ्नो बदला पनि पूरा हुन्छ भन्ने मानसिकता पुरूषमा बसेको हुनुपर्छ ।

अब सोचौँ त, महिलाको सारा इज्जत उसको योनी हो भन्ने मानसिकताले कति छोरीहरु हिंसामा परेका होलान्, कति मृत्युको सिकार भएका होलान् । यो विषयमा हामीले कहिले सोच्ने ? बलात्कार हुनु भनेको महिलाको इज्जत जानु होइन, उसको शारीरिक स्वायत्ततामाथि आक्रमण हुनु हो । उसले स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार खोसिनु हो, उसको मौलिक हकमाथि प्रहार हुनु हो भनेर कहिले बुझ्ने हाम्रो समाजले ? महिलामाथिको हिंसालाई केवल महिलाका मात्र समस्या हुन् भनेर बस्ने अनि आमा छोरी/बुहारी सुरक्षित भएनन् भनेर चिन्ता गर्नुको अर्थ हुन्छ र ?

**पितृसत्ताले महिलालाई 'मान्छे' मान्छ ?**

हाम्रो धार्मिक सांस्कृतिक परम्परा रीतिरिवाज पनि पितृसत्तात्मक नै छन् । विवाहमा श्रीमान्ले श्रीमतीको सिउँदो रंग्याउँछन् तर श्रीमतीले श्रीमान्को गोडा छुन्छिन्, ओहो कति फरक ! विवाहपश्चात् पनि पुरूषको शरीरमा विवाहित भन्ने त्यस्तो केही निसान हुँदैन तर महिलाको सिन्दुर पोते हुन्छ । अझ विवाहपछि महिलाको थर फेरिन्छ । भन्न त श्रीमान् श्रीमतीलाई एक रथका दुई पाङ्ग्रा, एक सिक्काका दुई पाटा भनिन्छ । तर, एक सिक्काका दुई पाटामध्ये एउटाचाहिँ पूजनीय, अर्कोचाहिँ दास कसरी हुन्छ ? एक रथका दुई पाङ्ग्रा एउटाचाहिँ बलियो, अर्को निम्छरो कसरी हुन्छ ?

कि त हामीले भन्ने गरेको कथन गलत छ, कि त हाम्रो व्यवहार नै गलत छ । श्रीमान्को मृत्युपश्चात् श्रीमतीको रंगिन पहिरन खोसिन्छ । सेतो लगाउनू, शोक मनाउनू, नरमाउनू, नखुल्नू पतिकै सम्झनामा जीवन बिताउनू भनेर सिकाइन्छ । तर, श्रीमतीको मृत्युपश्चात् श्रीमान्लाई त्यस्तो कुनै बन्धन हुँदैन । श्रीमान् त अघिभन्दा अझ फुक्का हुन्छ । न त उसको रंगिन पहिरन खोसिन्छ, न उसको स्वतन्त्रता । अझ उसलाई समाजले अर्को विवाहका लागि स्वीकृति पो दिन्छ । एउटी स्वास्नी नभई कसरी बसोस् विचरा लोग्नेमान्छे, घर चलाउन अर्को बिहे गर्नैपर्‍यो भन्छ समाजले । ल हेर्नुस् त कति धेरै विभेद, कति धेरै अन्याय ।

**पितृसत्तामा पुरूष सुरक्षित छन् त ?**

हुन त पितृसत्ताले पुरूषलाई उत्तम मान्छ, पुरूषलाई सर्वोपरि मान्छ तर सर्वोपरि मान्दै मान्दै पुरूषलाई मानव बन्न भन्दा पनि कठोर पुरूष बन्न प्रोत्साहित गर्छ । तँ त छोरा मान्छे, कमजोर त बन्नै हुँदैन, आफ्ना भावना, संवेदनशीलता लुकाउन पर्छ, भावनात्मक कोमलता देखाउन हुँदैन, समाजले खिस्सी गर्छ, कठोर बन्यो भने तिमीलाई समाजले महान् भन्छ, मर्द भन्छ भनेर सिकाउँछ ।

पितृसत्ताले पुरूषको भावनात्मक कोमलतामाथि हस्तक्षेप गर्छ, बन्देज गर्न खोज्छ, भावनात्मक र आर्थिक रूपमा बलियो हुनपर्छ । महिलासरह वा महिलाभन्दा निम्न हुनु भनेको नामर्दीपन हो भनेर सिकाउँछ । यस्तो सिक्दै गएका पुरूषलाई के थाहा, उनीहरूको भावनामा पितृसत्ताले कसरी बन्देज गरेको छ भन्ने कुरा ।

के पुरूष भनेका मानव नै होइनन् र ? उनीहरूमा भावनात्मक कोमलता संवेदनशीलता हुँदैन ? उनीहरूको मन हुँदैन ? उनीहरूलाई दुख्दैन ? पुरूष रूँदैनन् ? हुन्छ नि पुरूषको पनि मन । पुरूष पनि भावनात्मक रूपमा कोमल हुन्छन् । उनीहरूको पनि मन हुन्छ । उनीहरु पनि रून्छन् तर पितृसत्तालाई यो कुरा स्वीकार्य छैन ।

पितृसत्ताले उनीहरूलाई आफ्नो भावना पोख्ने, सहानुभूति बटुल्ने, सामान्य मान्छे भएर बाँच्ने स्वतन्त्रता दिएको छैन । लोग्नेमान्छे आर्थिक रूपमा बलियो हुनैपर्छ । महिलासरह वा महिलाभन्दा निम्न हुनु हुँदैन । श्रीमती पाल्न सक्ने हुनुपर्छ, श्रीमतीको कमाइ खाने बन्नु हुँदैन भनेर उक्साउँछ अनि पुरूषहरूको काँधमा ठूलो आर्थिक भार थोपरिदिन्छ, आर्थिक भार उठाउन श्रीमतीको सहयोग लिएमा नामर्दको ट्याग भिराइहाल्छ । यसरी पितृसत्तामा पुरूष पनि पीडित छन् ।

**अन्त्यमा,**

हामीले पितृसत्ताको सट्टा मातृसत्ता खोजेको होइन, पितृसत्ताको विकल्प समानता हुन्छ र हामीले समानता खोजेका हौँ । तर, समानताका लागि पहिले त पितृसत्ताका दुई पक्ष, संरचना र विचारधारा बदल्नुपर्छ । त्यसका लागि पहिलो नम्बरमा त हामीले आफ्नो दृष्टिकोण नै परिवर्तन गर्न जरूरी छ, दृष्टिकोण परिवर्तन नभएसम्म परिवर्तन सम्भव नै छैन । जस्तैः आफ्ना छोरिचेलिलाई ढाक्ने,उसका यौनिकतालाई ढाक्ने र अरूको छोरीको यौनिकतालाई नङ्ग्याउन खोज्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ ।

मञ्चमा सभा सम्मेलनमा महिला अधिकारका बडाबडा कुरा गरेर घरमा श्रीमतीमाथि हिंसा गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ । र, पितृसत्ताका कारण महिला र पुरूष दुवै पीडित छन्, पितृसत्ता केवल महिलाका लागि मात्र होइन, पुरूषका लागि पनि अभिशाप नै हो । तसर्थ महिला र पुरूष मिलेर पितृसत्ताविरूद्ध लडौँ, पितृसत्ताविरूद्धको लडाइँ पुरूषहरूविरूद्धको लडाइँ होइन भनेर बुझौँ । पुरूषहरूले पितृसत्ताविरूद्ध लड्न अझ अग्रसरता लिन सके समानता सपनाको फल हुने छैन ।

*साभार : शिलापत्रबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)